# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०४ मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

1. निर्वाचन आयोगले चाड़ै नै चुनाव संबंधी सबै गतिविधिहरुका लागि सिंगल- प्लेटफॉर्म ईसीआईएनईटी (ECINET) लॉन्च गर्नेछ।
2. मुख्यमन्त्री ममता ब्यानर्जी भोली मुर्शिदाबाद जिल्लाको भ्रमणमा जानु हुनेछ।
3. साहित्यकार डा. इन्द्रबहादुर राईद्वारा लिखित प्रसिद्ध कथामा आधारित चलचित्र जार आगामी 9 मईदेखि अन्तर्राष्ट्रिय स्तरमा रिलिज भईरहेको छ|
4. सप्तरङ्गी समुहद्वारा प्रकाशित एंव सर्जक कमल रेग्मीद्वारा सम्पादित शरण प्रधान अनि अरुणा लामा स्मृति ग्रन्थ अरुणिमाको आज लोकार्पण गरियो।
5. रिम्बीक रनर्स कल्बका ट्रेल धावकहरूले पश्चिम सिक्किमको यकसोममा आयोजित गोचेला ट्रेल रनको ५० किलोमिटरको वर्गमा नयाँ कृतिमान बनाएका छन्|

**निर्वाचन आयोग-ऐप**

निर्वाचन आयोगले एक सिंगल-प्लेटफॉर्म एप ईसीआईएनईटी ECINET को शुरूआत गर्नेछ, जसले चुनाव सम्बन्धी सबै सेवाहरू एकै ठाउँमा प्रदान गर्नेछ। यो एपले निर्वाचन आयोगका हालका 40 भन्दा बढी मोबाइल र वेब एप्लिकेसनहरूलाई एकै ठाउँमा ल्याउनेछ। यो मतदाता, निर्वाचन अधिकारी, राजनीतिक दल र अन्य सरोकारवालाहरूका लागि नयाँ डिजिटल इन्टरफेस हुनेछ। यसले प्रयोगकर्ताहरूलाई धेरै एप डाउनलोड गर्नमा मद्‌द गर्नेछ। यो एपले डेस्कटप वा स्मार्टफोनमा निर्वाचन सम्बन्धी महत्त्वपूर्ण जानकारी प्रदान गर्नेछ।

**एनटीए-नीट-यूजी**

आज देशभरीमा मेडिकल प्रवेश परीक्षा- नीट यूजी सञ्चालन गरियो। यो परीक्षा देशमा पांच हज़ार भन्दा अधिक केंद्रहरुमा र विदेशमा १३ शहरहरुमा सञ्चालन गरियो। परीक्षा दिउसो २ बजी शुरु भयो अनि सांझ ५ बजी सम्पन्न भयो। राष्ट्रीय परीक्षा एजेंसी-एनटीए अनुसार परीक्षाको लागि २२ लाख भन्दा अधिक विद्यार्थिहरुले पंजीकरण गरेका थिए।

**मुख्यमन्त्री मुर्शिदाबाद**

मुख्यमन्त्री ममता ब्यानर्जी भोली मुर्शिदाबाद जिल्लाको भ्रमणमा जानु हुनेछ। यसलाई ध्यानमा राख्दै, जिल्ला तृणमूल नेतृत्वले उहाँको भ्रमण सफल बनाउन सबै तयारी गरिरहेको छ। जिल्ला प्रशासनका सुत्रहरु अनुसार आफ्नो मुर्शिदबाद भ्रमणको क्रममा मुख्यमन्त्री मंगलबार बिहान शमशेरगंज ब्लकको धुलियान जानु हुनेछ। उहाँले त्यहाँ हालै भएको हिंसाबाट प्रभावित केही परिवार र पसलेहरूलाई भटने सम्भावना रहेको छ। मुख्यमन्त्रीले सुतीमा प्रशासनिक बैठक पछि धेरै परियोजनाहरूको उद्घाटन तथा शिलान्यास पनि गर्नु हुनेछ। स्मरण रहोस, मुख्यमन्त्री ममता ब्यानर्जीले हालै मेदिनीपुरमा एक सार्वजनिक सभामा मई महिनाको पहिलो हप्तामा मुर्शिदाबादमा भएको हिंसाबाट प्रभावित मानिसहरूलाई भेट्न उहाँ धुलियान जाने घोषणा गर्नु भएको थियो।

**शाह- संस्कृत कार्यक्रम**

गृहमन्त्री अमित शाहले भारतको सम्पूर्ण ज्ञान संस्कृत भाषामा भएकाले मानिसहरूले संस्कृत भाषा सिक्नु आवश्यक रहेको बताउनु भएको छ। उहाँले विश्वका समस्याहरूको समाधान खोज्न संस्कृत भाषाले मार्गदर्शन प्रदान गर्न सक्ने बताउनु भयो। गृहमन्त्रीले आज नयाँ दिल्लीमा संस्कृत भारतीद्वारा आयोजित 1008 संस्कृत भाषण शिविरको समापन समारोहलाई सम्बोधित गर्दै हुनुहुन्थ्यो।श्री अमित शाहले संस्कृत भाषाको महत्त्व बारे जोड दिँदै भन्नुभयो संस्कृत भाषा अधिकांश भाषाहरूको जननी हो।

**मध्यान्ह भोजन**

राज्यका सरकारी विद्यालयहरूमा सौर्य ऊर्जा प्रयोग गरेर मध्यान्ह भोजन पकाउन सुरु गरिएको छ। राज्यमा पहिलो पटक, सरकारी पहलको रूपमा, डमडम पार्कमा अवस्थित कृष्णपुर आदर्श विद्या मन्दिरमा सौर्य ऊर्जा प्रयोग गरेर मध्यान्ह खाना पकाउने काम सुरु गरिएको छ। वास्तवमा, केन्द्र सरकारले प्रधानमन्त्री- सूर्य घर: नि:शुल्क बिजुली योजना सुरु गरेको छ। यो योजना भारत सरकारले २०२४-२५ को बजेटमा सुरु गरेको योजना हो, यसको उद्देश्य लगभग एक करोड घरपरिवारलाई सौर्य ऊर्जा प्रदान गर्नु हो। केन्द्र सरकारको यो परियोजनामा राज्य सरकारले काम गर्दै शिक्षा विभागले लगभग 3,500 विद्यालयहरूमा सौर्य प्यानल जडान गर्ने योजना बनाएको छ।

**स्वास्थ्य केन्द्र**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (GTA) ले दार्जिलिङ र कालिम्पोङ जिल्लाहरूमा पाँचवटा नयाँ प्राथमिक स्वास्थ्य केन्द्रहरू (PHCs) निर्माण गर्न ६ करोड रुपियाँ खर्च गर्ने योजना बनाएको छ।

*राज्य स्वास्थ्य विभागले पहाडहरूमा ग्रामीण स्वास्थ्य पूर्वाधार सुधार गर्न रकम स्वीकृत गरेको छ। जोरबङ्गलो र सुकेपोखरी खण्डहरूमा रहेका पोखरेबुङ र सुनदहका प्राथमिक स्वस्थ्य केन्द्रहरू प्रत्येकले १ करोड ४२ लाख रुपियाँ प्राप्त गर्नेछन्, जबकि सिग्रीताम ले १ करोड ४२ लाख रुपियाँ प्राप्त गर्नेछ। कुल लागत ४ करोड २७ लाख रुपियाँ रहेको छ। कालेबुङ जिल्लाको कालेबुङ्ग २ ब्लकको अलगढा र गोरुबथान ब्लकको जलढाकामा नयाँ प्राथमिक स्वस्थ्य केन्द्र भवनहरू निर्माण गर्न २ करोड ८४ लाख रुपियाँको बजेट घोषणा गरिएको छ। परियोजनाले पहाडका दुर्गम क्षेत्रहरूमा बासिन्दाहरूलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने लक्ष्य राखेको छ, जसले गर्दा यसलाई GTA को प्राथमिकता क्षेत्र बनाइएको छ। सुत्रहरूले बताएनुसार, छनोट गरिएका स्थानहरू दार्जिलिङ र कालिम्पोङ शहरहरूको जिल्ला मुख्यालयबाट टाढा छन्। उचित स्वास्थ्य सेवा सुविधाको अभावका कारण यी क्षेत्रका मानिसहरूले उपचारको लागि जिल्ला अस्पतालहरूमा यात्रा गर्नुपर्छ। मनसुन समयमा उनीहरूलाई सडक सम्पर्क कमजोर र पहिरोका कारण पनि गाह्रो हुने गर्दछ।*

**जार प्रिमियर शो**

साहित्यकार डा इन्द्रबहादुर राईद्वारा लिखित प्रसिद्ध कथालाई ठूलो पर्दामा उतारिएको फिल्म जार आगामी 9 मईदेखि अन्तर्राष्ट्रिय स्तरमा रिलिज भईरहेको छ| यस फिल्मको प्रिमियर शो हिजो सिलगढीमा सम्पन्न भएको थियो। खरसाङको सुपुत्र फुर्बा छिरिङ लामाको निर्देशन, पटकथा तथा निर्माणमा बनिएको फिल्म जारको प्रिमियर प्रथममा सिक्किम अनि हिजो सिलगढीमा सम्पन्न भयो। यस प्रिमियर शो-मा फिल्मका नायक अनुप बिक्रम शाहीसहित अन्य कलाकारहरु र फिल्मसित सम्बन्धित व्यक्तिहरु उपस्थित रहेका थिए।

**अरुणिमा- लोकार्पण**

सप्तरङ्गी समुहद्वारा प्रकाशित एंव सर्जक कमल रेग्मीद्वारा सम्पादित शरण प्रधान अनि अरुणा लामा स्मृति ग्रन्थ अरुणिमाको आज लोकार्पण गरियो। स्थानीय गोर्खा रंगमञ्च भवनको प्रेक्षागृहमा भएको लोकार्पण समारोहमा नेपाली संगित जगतका बिशिस्ट संगितकार गितकार, दिग्गज कलाकार लेखक, साहित्यकार आदिको उपस्तिथि रहेको थियो। प्रस्तुत पुस्तकमा गितकार संगितकार शरण प्रधान साथै अरुणा लामाको गायन माथी कृतिपरक काम भएको सर्जक कमल रेग्मीले बताउनुभयो। पुस्तक अरुणिमामा भारत अनि नेपालका सर्जकहरुको चौसठ वटा लेखहरु समावेस भएको उहाले अझ बताउनुभयो।

**शान्ति ऱ्याली**

बिहार राज्यको बौद्ध गयामा अवस्थित महाबोधी टेम्पलको सम्पुर्ण अधिकार बुद्धिष्ट सोसाइटीका सदस्यहरुलाई दिईनु पर्ने माग गर्दै आज धर्म चक्र कमिटी दार्जीलिङको आयोजनामा दार्जीलिङमा शान्ति ऱ्याली निकालियो। महाबोधी टेम्पल मुक्ति आन्दोलनको समर्थनमा निकालिएको यो ऱ्याली रेल्वे स्टेसन परिसर दार्जीलिङ्ग बाट शुरु भएर लाडेनला रोड हुँदै चौरास्तामा पुगेर सभामा परिणत भएको थियो।

**बुद्ध जयन्ती**

रिम्बिक बुद्ध जयन्तीको पवन अवसरमा रिम्बिकको छाङगे छोलिङ्ग गुम्बा बतासे, झेपी ग्राममा आगामी ६ मईदेखि धार्मिक अनुष्ठानसहित बोम बाचन कार्यक्रम हुने भएको छ। १२ मई बुद्ध जयन्तीको दिन समारोहको समापन हुनेछ। एक प्रेस भेलाको आयोजना गर्दै आयोजक पक्षले आम मानिसहरुलाई अनुष्ठानमा सहभागी भइ धार्मिक अनि आध्यात्मिक लाभ उठाइदिने अनुरोध गरेका छन्।

**सालिक स्थापना**

आगामी सोमबार 12 तारिख बुद्ध पूर्णिमाको दिन कालचिनी खण्डको चुवापाडा चियाकमानमा शहीद मेजर दुर्गा मल्लको एउटा पूर्ण कदको सालिक स्थापना हुने भएको छ। आज यसै सन्दर्भमा चुवापाडाका शहीद मेजर दुर्गा मल्ल सालिक निर्माण कमिटीको पक्षबाट यस कुराको जानकारी पत्रकार सम्मेलन मार्फत दिईएको छ।

**रिम्बीक रनर्स कल्ब**

पहाडको उचाईलाई जित्ने क्रम जारी राख्दै रिम्बीक रनर्स कल्बका ट्रेल धावकहरूले पच्छिम सिक्किमको यकसोममा आयोजित गोचेला ट्रेल रनको ५० किलोमिटरको वर्गमा नयाँ कृतिमान रचेका छन्। यसै क्रममा कल्बका सदस्य हेमन्त लिम्बुले यो दौड केवल ६ घण्टा ३० मिनटमा समाप्त गरि रेकर्ड बनाउदै पहिलो स्थान प्राप्त गरे भने अर्को धावक सोम बहादुर थामीले, दौड ६ घण्टा ५० मिनट समाप्त गरि नयाँ कृतिमान रचेका छन। प्रतियोगितामा दार्जिलिङ, सिक्किम लगायत देश तथा बिदेशका विभिन्न ट्रेल रनर्सहरुले भाग लिएका थिए। स्मरण रहोस् धावक हेमन्त लिम्बू तथा सोमबहादुर, दार्जिलिङको सुदुरवती रिम्बिक लोधोमा क्षेत्रको दुर्गम गाउँहरुमा जन्मेका धावकहरु हुन भने उनीहरूले दार्जिलिङ पहाडसगै देश एव बिदेशमा आयोजित विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा भाग लिईसकेका छन्।

****** ० ******